आज मिति २०७९ फागुन ३० गते मंगलवारका दिन यस टोखा नगरपालिकाका प्रमुख श्री प्रकाश अधिकारीज्यूको अध्यक्षतामा तपशिलको उपस्थितिमा नगरकार्यपालिकाको आ.व. २०७९/८० को नवौं बैठक बसी देहाय बमोजिमको निर्णयहरु पारित गरियो ।

| क्र.स | पद | नाम थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | प्रमुख | श्री प्रकाश अधिकारी | | |
| २ | उपप्रमुख | श्री मुरारी तामाङ | | |
| ३ | सचिव / प्रमुख प्रशासकीय अधिकृत | श्री शेर बहादुर बि.सी. | | |
| ४ | वडा अध्यक्ष | श्री रमेश कुमार लामिछाने | | |
| ५ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ (२) | | |
| ६ | वडा अध्यक्ष | श्री रमेश डंगोल | | |
| ७ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ (४) | | |
| ८ | वडा अध्यक्ष | श्री मदन गुरुङ | | |
| ९ | वडा अध्यक्ष | श्री शान्ता खनाल पौडेल | | |
| १० | वडा अध्यक्ष | श्री नरोत्तम राना | | |
| ११ | वडा अध्यक्ष | श्री रमेश खत्री | | |
| १२ | वडा अध्यक्ष | श्री रामभक्त घिमिरे | | |
| १३ | वडा अध्यक्ष | श्री मचाकाजी महर्जन | | |
| १४ | वडा अध्यक्ष | श्री घनश्याम खड्का | | |
| १५ | न.का.स | श्री सुनिता श्रेष्ठ परियार नेपाली | | |
| १६ | न.का.स | श्री सायरा परियार | | |
| १७ | न.का.स | श्री जगतमाया प्रजापती महर्जन | | |
| १८ | न.का.स | श्री लिलादेवी अधिकारी | | |
| १९ | न.का.स | श्री शान्ता राई | | |
| २० | न.का.स | श्री प्रेम कुमार सुनुवार | | |
| २१ | न.का.स | श्री सरिता घले | | |
| २२ | न.का.स | श्री वच्चुराज वस्याल | | |

CamScanner

**निर्णयहरु:-**

१. आ.व.२०७९/८० को नगर कार्यपालिकाको आठौं बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा छलफल तथा समिक्षा गरियो ।

२. चालु आ.व.२०७९/८० को स्वीकृत आयोजना तथा कार्यक्रमको दोश्रो चौमासिक समिक्षा (आय ६८.६ प्रतिशत र व्यय २६.१३ प्रतिशत) गरी आयोजना तथा कार्यक्रम कार्यान्वयनमा थप तिव्रता दिने ।

३. चालु आ.ब. २०७९/८० को लागि स्वीकृत भएका योजना तथा कार्यक्रमहरु मध्ये उपभोक्ता समिति/ टोल विकास संस्था मार्फत संचालन गरिने योजनाहरुको कार्यान्वयनको लागि २०८० बैशाख १५ गते भित्र सम्झौता प्रकृया सम्पन्न हुने गरी रीत पूर्वकको उपभोक्ता समिति/ टोल विकास संस्था गठन गर्न सवै वडा कार्यालयहरुलाई पत्राचार गर्ने ।

४. वडा नं. १ को मिति २०७९-११-५,च.नं. १५९२ को पत्रानुसार गौतमेश्वर महादेव मन्दिरमा ट्रस निर्माणका लागि **जस्तापाता खरिद तथा सिढीं निर्माण** शिर्षकमा विनियोजित रकमवाट उक्त कार्य संचालन गर्न सिफारिस भएकोमा उक्त मन्दिर रहेको जग्गा श्री ५ को वायुदेवता गुठी ज.ध. भै मोहि सम्वु दुलाल रहेको साविक झोर महाकाल गा.वि.स वडा नं. ७ ग, कित्ता नं. २३ को क्षे.फं.०-८-२-० को पश्चिम तर्फ क्षे.फ. ०-२-०-० जग्गा मन्दिर परिसरले चर्चेको हुदाँ उक्त मन्दिरले चर्चेको क्षेत्रफल वरावरको जग्गा मोहिको हकमा प्राप्त हुने हकहिस्सा मध्येवाट कट्टा हुने गरी मन्दिरका लागि दानस्वरुप दिन मन्जुर रहेको भनि वडा अध्यक्षको रोहवरमा वसी मिति २०७९-११-१५ गते मन्जुरीनामा गरेकोले साविक देखि गौतमेश्वर महादेव मन्दिर रहेको उक्त कित्ता जग्गामा **जस्तापाता खरिद, ट्रसनिर्माण तथा सिढीं निर्माण** कार्य गौतमेश्वर मन्दिर ट्रस जस्ता खरिद एवं सिंढी निर्माण उपभोक्ता समिति मार्फत अगाडि वढाउने ।

५. नगरपालिका भित्र रहेका तपशिल वमोजिमका सार्वजनिक जग्गाहरुमा सम्वन्धित वडा कार्यालयहरुको सिफारिसका आधारमा विभिन्न संरचना (सामुदायीक भवन/ पाटी/ मठमन्दिर आदि) निर्माण प्रकृया अगाडि वढाउने ।

| सि.नं. | निर्माण हुने संरचनाको नाम | वडा नं. | वडाको सिफारिसको मिति र च.नं. | सार्वजनिक जग्गाको साविक गा.वि.स/ वडा/ कि.नं |
|---|---|---|---|---|
| १ | सिद्धाश्रम मन्दिर तथा सीताराम मन्दिरमा ढुगाँ विछयाउने र खुल्ला ट्रस बनाउने | ५ | २०७९-११-१०, ११०९ | धापासी/५/ सिट नं. कि.नं. १८१ र ९ को सार्वजनिक जग्गा |
| २ | भानेघाट मर्मत | १ | | झोरमहाँकाल/ १ ख/ सिट नं. कि.नं. १४ को सार्वजनिक जग्गा |
| ३ | सिद्धाश्रम शक्तिकेन्द्र एक तल्ला ढलान | ५ | २०७९-११-१४, १११६ | धापासी/ ९ क/ सिट नं. / कि.नं. २ को सार्वजनिक जग्गा |
| ४ | कार्की टोलमा हारती मन्दिर निर्माण | ३ | २०७९-११-३०, ४२२३ | गोगंवुँ/ २/ सिट नं. / कि.नं. १८० को सार्वजनिक जग्गा |

CamScanner

६. टोखा नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७९ स्वीकृत गर्ने ।

७. यस नगरपालिकाको कार्यपालिका सदस्य श्री वच्चुराज वस्याललाई नगर प्रवक्ता तोक्ने ।

८. टोखा छात्रवृत्ति कोष संचालन कार्यविधि, २०७९ बमोजिम छात्रवृत्ति कोष संचालक समितिमा मनोनित दुई जना सदस्यहरु श्री रामवावु सुवेदी र जगतमाया महर्जन ऐ. कार्यविधिको दफा ४ (ङ ) वमोजिम नियुक्त हुनु पर्नेमा ४ (ख) वमोजिम नियुक्त भएकोले उक्त निर्णयलाई संशोधन गर्ने । साथै, ऐ. कार्यविधिको ४ (ख) वमोजिम एक जना दलित वा जनजाति कार्यपालिका सदस्यमा श्री सरिता घले लाई तोक्ने ।

९. भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयको मिति २०७९-२-२७, च.नं. १६४० को पत्र वमोजिम भू-उपयोग ऐन, २०७६ तथा भू-उपयोग नियमावली, २०७९ मा भएको व्यवस्था वमोजिम टोखा नगरपालिका भित्रको भू-उपयोग क्षेत्रको वर्गीकरण गर्न परामर्श सेवा मार्फत प्रकृया अगाडि वढाउने ।

१०. तपशिल बमोजिमका व्यावसायीहरुलाई टोखा नगरपालिकाको 'घ' वर्गको निर्माण व्यावसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ (संशोधन सहित) बमोजिम 'घ' वर्गको निर्माण व्यावसायी इजाजत पत्र प्रदान गर्ने ।

| सि.नं. | निर्माण व्यावसायीको नाम | व्यावसाय रहने वडा नं. | कै. |
|---|---|---|---|
| १ | अलफाज कन्स्ट्रक्सन एण्ड बिल्डर्स प्रा.लि, | टोखा -८ | |
| २ | रियाज कन्स्ट्रक्सन प्रा.लि | टोखा-६ | |
| ३ | मस्टा केदार कन्स्ट्रक्सन एण्ड बिल्डर्स प्रा.लि | टोखा-१० | |
| ४ | क्याड कन्स्ट्रक्सन प्रा.लि | टोखा-१० | |
| ५ | एन.पि.लोटस कन्स्ट्रक्सन प्रा.लि | टोखा-९ | |
| ६ | हार्टी कन्स्ट्रक्सन कम्पनी प्रा.लि | टोखा-३ | |
| ७ | लक्ष्मी कन्स्ट्रक्सन एण्ड ल्याब टेस्टिङ प्रा.लि | टोखा-२ | |
| ८ | देउती बज्यै कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | टोखा-३ | |

११. टोखा नगरपालिकाको बा २ झ ५५२४ नम्वरको भेनु कार मर्मत गराईएकोमा उक्त मर्मतको विल अनुसारको रकम रु. ८४५५०/- भुक्तानी उपलब्ध गराउने ।

१२. टोखा नगरपालिकाको वा १ झ ९७५० नम्वरको एम्वुलेन्स मर्मत गराईएकोमा उक्त मर्मतको विल अनुसारको रकम रु ३३६६५३.८७ भुक्तानी उपलब्ध गराउने ।

१३. टोखा नगरपालिकाको बा २ झ १६५१ नम्वरको स्कार्पियो जिप मर्मत गराईएकोमा उक्त मर्मतको विल अनुसारको रकम रु. २५८५२१/१८ भुक्तानी उपलब्ध गराउने ।

१४. द टोखाली ब्वाईजलाई यस नगरपालिकाको मिति २०७९ पौष १८ को नगरकार्यपालिका बैठकवाट व्याडमिन्टन प्रतियोगिता संचालनको लागि रु ७ लाख विनियोजन भएकोमा उक्त कार्य संचालनका सम्वन्धमा सो क्लव नगरपालिकामा सम्झौताको प्रकृयामा नआई नगरप्रमुख समेतको उपस्थितिमा कार्यक्रम सम्पन्न गरी भुक्तानीको लागि खर्चका वील भर्पाई पेश गरेको देखिएकोले सम्पन्न कार्यक्रम र पेश भएको वील भर्पाईको आधारमा सम्वन्धित वडा कार्यालयको सिफारिस, अनुगमन समितिको अनुगमन प्रतिवेदन, सम्वन्धित क्लवले प्रमाणित गरेको उपस्थिति पुस्तिका, सम्वन्धित संस्थाको कार्य सम्पन्न प्रतिवेदन समेत संलग्न गरी रु. ५ लाख ५० हजार सम्वन्धित संस्थालाई भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

CamScanner

१५. नेपाल फुटभली संघलाई भारताको केरलामा हुने फुटभली प्रतियोगितामा सहभागिताको लागि खेलाडि तथा अफिसियल टिमलाई हवाई टिकट तथा आवास सहयोग कार्यको लागि मिति २०७९-१०-२९ को नगरकार्यपालिका बैठकको निर्णयानुसार रु ४ लाख उपलव्ध गराउने निर्णय भएकोमा क्लव नगरपालिकामा सम्झौताको प्रकृयामा नआई कार्यक्रम गरी भुक्तानीको लागि खर्चका वील भर्पाई पेश गरेको देखिएकोले सम्पन्न कार्यक्रम र पेश भएको वील भर्पाईको आधारमा सम्वन्धित वडाको सिफारिस, सम्वन्धित संस्थालाई प्रतियोगितामा सहभागिताको लागि प्राप्त भएको आमन्त्रण पत्र, संम्वन्धित संस्थावाट खेलाडि तथा अफिसियल छनौट गरेको पत्र, सम्वन्धित संस्थाको कार्य सम्पन्न प्रतिवेदन समेत संलग्न राखी रु. ३ लाख सम्वन्धित संस्थालाई भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

१६. श्री स्वास्थानी व्रतकथामा आधारित शास्त्रिय कथा नृत्य प्रदर्शन कार्यक्रम संचालनको लागि नगरकार्यपालिकाको मिति २०७९-९-२६ को बैठकको निर्णयानुसार वजेट विनियोजन भएकोमा उक्त कार्य नगरपालिकामा सम्झौताको प्रकृयामा नआई कार्यक्रम गरी भुक्तानीको लागि खर्चका वील भर्पाई पेश गरेको देखिएकोले सम्पन्न कार्यक्रम र पेश भएको वील भर्पाईको आधारमा वडा कार्यालयको सिफारिस, अनुगमन प्रतिवेदन, कार्यक्रममा उपस्थिति पुस्तिका, सम्वन्धित संस्थाको कार्य सम्पन्न प्रतिवेदन समेत संलग्न राखी रु. ३ लाख सम्वन्धित संस्थालाई भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

१७. यस टोखा नगरपालिका, वडा नं. ७ स्थित धापासी स्वास्थ्य चौकीमा ल्याब सेवा संचालन भएकोमा उक्त सेवा संचालनको लागि मिति २०७९/०४/०१ देखि सम्बन्धित वडा कार्यालय मार्फत श्री कोपिला तामाङ ल्याब टेक्निसियनको रुपमा तथा श्री पुष्पान्जली रानामगर दर्ता सहयोगी (कार्यालय सहयोगी)को रुपमा निरन्तर काम गरिरहेकोले निज २ जनालाई सम्बन्धित वडा कार्यालयले काममा लगाएको जानकारी सहितको भुक्तानिको लागि सिफारिसपत्र, सम्बन्धित स्वास्थ्य सँस्था प्रमुख तथा वडाध्यक्षले प्रमाणित गरेको प्रत्येक महिना काम गरेको पुष्टि हुने डोर हाजिरी फारम तथा सम्बन्धित स्वास्थ्य शाखाको सिफारिस समेतको आधारमा २०७९ साउन देखि २०७९ फागुन मसान्त सम्म काम गरे बापत प्रत्येक महिनाको लागि सम्बन्धित पदको प्रथम स्केल बराबर पारिश्रमिक उपलव्ध गराउने । साथै, नगरसभाको बाह्रौँ अधिवेशनवाट यस टोखा नगरपालिकाको लागि दरबन्दी तेरिज स्वीकृत भई हाल रिक्त रहेको ल्याब टेक्निसियन पदमा अर्को व्यवस्था नहुदाँ सम्मको लागि साविकदेखि कार्यरत श्री कोपिला तामाङ लाई तथा कार्यालय सहयोगी पदमा श्री पुष्पान्जली रानामगर लाई २०७९ चैत १ गते देखि लागु हुने गरी हाललाई दैनिक ज्यालादारीमा २०८० असार मसान्त सम्म काममा लगाउने ।

१८. नगरसभाको दशौं अधिवेशनवाट ५ नं. वडा भित्र उपयुक्त स्थानहरुमा खानेपानी पाईपलाईन विस्तार कार्य को लागि रकम विनियोजन भए अनुसार उल्लेखित कार्यको लागि शान्ति टोल विकास संस्था संग मिति २०७८-११-२६ मा भएको सम्झौतानुसार वडा नं. ५ को सुदेवजंग पंण्डितको घरदेखि श्रीमार्ग श्रीसमाज वडा कार्यालय सम्मको सडकमा खानेपानी पाईपलाईन विस्तार नगरपालिकाको लागत अनुमानको परिणाममा गुणस्तरियताका साथ सम्पन्न गरेकोले उल्लेखित समितिको माग निवेदन, पेश गरेको विल भर्पाई, वडा कार्यालयको सिफारिस, अनुगमन समितिको प्रतिवेदनको आधारमा उक्त समितिलाई प्राविधिक मूल्याङ्कन वमोजिम नगरपालिकाले भुक्तानी दिनु पर्ने रकम रु १८६१३४६.५७ सम्वन्धित संस्थालाई भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

१९. मिति २०७९ श्रावण १ गते देखि पुस मसान्त सम्म विभिन्न अड्डा अदालतमा नगरपालिका कार्यालयको प्रतिरक्षा गर्न तथा कानुनी परामर्श दिने कार्यमा संलग्न भएकोमा अधिवक्ता श्री दुर्गा प्रसाद अर्याल तथा अधिवक्ता

CamScanner

| सि.नं. | कार्यक्रमको नाम | वडा नं. | विनियोजित रकम | विनियोजित शिर्षक |
|---|---|---|---|---|
| | टोल | | | |
| ११ | भूमेश्वर शान्ति टोलमा कटिङ् भएको पिच/ढलान गर्न | ३ | ४०००००० | २४७ |
| १२ | निशुल्क रेविज खोप कार्यक्रम | १ | १०००००० | १७४ उ. |
| १३ | विजुली सरसफाई वापतको रकम, श्री समाज | ५ | १०००००० | कार्यालय संचालन |
| १५ | त्रिपुरा टोल अन्तर्गत मंगाल तथा वाटो ढलान स्तरोउन्नती | ५ | ९४०००० | २२९ |
| १६ | मानसिक स्वास्थ्य प्रवर्द्धन अन्तर्गत महिलाहरुलाई मानसिक स्वास्थ्य र तनाव व्यवस्थापन सम्वन्धि अभिमुखीकरण कार्यक्रम – रिलिफ | ११ | १०००००० | १७४ |
| १७ | प्रगतिनगर, टोकियो वजार,सिर्जना टोल लगायत सडक बत्ती जडान | १० | ३७०००० | २३३ |
| १८ | सिद्धेश्वर शिव मन्दिर अगाडि विष्णुमति करिडोरमा मेसिनरी वाल निर्माण | ९ | ३६७५००० | २४९ |
| १९ | वडा नं. १ को दलित वस्तीमा पानी ट्याङ्की राख्नको लागि स्टयाण्ड निर्माण | ७ | ट्याकी स्टयाण्ड निर्माण गर्ने (५००००) | २४७ |
| २० | सेतुवन्ध मन्दिर देखि ठाकुर अधिकारीको घरसम्म जाने सडक स्तरोउन्नती | १ | ८०००००० | २४७ |
| २१ | जैविक विविधता अध्ययन कार्यक्रम | | १५०००० | २२४ |
| २२ | गणेशस्थान देखि विष्णुमति पुल सम्म जाने वाटो साईड वाल निर्माण | ३ | ७०००००० | २४७ |
| २३ | स्टार टाउन समूह हार्मुनियम तालिम | ३ | १५०००० | १७४ उ. |
| २४ | धनेश्वर सुर्यदर्शन टोलका महिला दिदीवहिनीहरुलाई व्युटिसियन वेशिक तालिम | ३ | २०००००० | १७४ उ. |
| २५ | महेन्द्रेश्वर शिवालय संरक्षण समितिलाई कार्यालय सामाग्री | १० | फर्निचर/ फर्निसिङ उपलव्ध गराउने | २२८ |
| २६ | विडारी गाउँ जाने मोटरवाटो स्तरोउन्नती ( वाल,ड्रेन तथा ढलान) | १ | २००००००० | २४७ |
| २७ | रोयल मुभिज प्रा.लि- ज्योति फिल्म म्युजिक अवार्ड तथा सम्मान कार्यक्रम | | ३०००० | कार्यक्रम खर्च |
| २८ | निहुरे खोला पहिरो नियन्त्रण , रोकथाम | १ | ३०००००० | विपद् व्यवस्थापन कोष |
| २९ | युरो किड्स स्कुल तर्फजाने सडक खानेपानी पाईपलाईन विस्तार एवं चेम्वर निर्माण – सम्झौता मार्ग | ८ | ३०००००० | २४७ उ. |

CamScanner

श्री बेखा नारायण डंगोललाई निजहरुले वहस गरेको प्रमाणित कागजातका आधारमा प्रति वहस प्रति व्यक्ति रु ८०००/- ( आठ हजार मात्र) परामर्श सेवा शुल्क वापत उपलब्ध गराउने।

२०. औषधि उपचार सहायता माग गरेका आर्थिक अवस्था कमजोर भएका तपशिल वमोजिमका व्यक्तिहरु एवं मृतक परिवार समेतलाई चिकित्सकको प्रेस्किप्सन र वील भर्पाई वमोजिम हुने गरी औषधि उपचार खर्च शिर्षकवाट तपशिल वमोजिमको रकम उपलब्ध गराउने।

क. वडा नं.३ वस्ने श्री श्रवण कुमार गुरुङ को परिवारलाई सहयोग रु ५० हजार

ख. वडा नं.२ वस्ने श्री सानुमायाँ श्रेष्ठ लाई रु. ५० हजार

ग. वडा नं.१ वस्ने श्री जगदिश काफ्लेलाई रु . ४० हजार

घ. वडा नं. ५ को मिति २०७९-१०-१२ , च.नं. ९९९ को सिफारिस अनुसार सि.नं. ६५२ मा विनियोजित रकम मध्येवाट वडा को सिफारिस वमोजिम श्री दिपक पनेरुलाई रु. ५० हजार

२१. टोखा नगरपालिकाको विपद व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७५ लाई संशोधन गर्ने।

२२.विभिन्न वडावाट सिफारिस भई आएका तपशिल वमोजिमका आयोजना तथा कार्यक्रमहरुका लागि नगरसभाको एघारौं अधिवेशनवाट निम्न शिर्षकहरुमा विनियोजित रकममध्येवाट खर्च लेख्ने गरी कार्यक्रम स्वीकृत गरी कार्यान्वयन प्रकृया अगाडि वढाउने ।

| सि.नं. | कार्यक्रमको नाम | वडा नं. | विनियोजित रकम | विनियोजित शिर्षक |
|---|---|---|---|---|
| १ | वीच विनायक मन्दिरदेखि पश्चिमतर्फको स्टार कोलोनीपारी छन्त्याल निवाससंग जोडिएको बाटो आसपास मंगाल र मंगाल कभर मर्मत | ९ | २००००० | २४७ उ. |
| २ | मिलनटोल ड्रेन तथा मंगाल मर्मत | ६ | १७७००० | २२९ |
| ३ | मखमलीको जुत्ता वनाउने, सिलाई वुनाई तालिमको लागि थप रकम | ३ | १५०००० | १७४ |
| ४ | अनुसन्धानको लागि सहयोग – अमृत क्याम्पसको छात्र आभाष कट्टेल | | २५००० | शैक्षिक सहयोग उ. |
| ५ | ब्रम्हकुमारी राजयोग उपसेवा केन्द्र, महादेवटार रिटेनिङ्ग वाल थप रकम | ११ | ३००००० | २४७ |
| ६ | नमुना नारीशक्ति- महिला लक्षित सचेतना मूलक कार्यक्रम /तालिम | ६ | १५०००० | १७४ |
| ७ | महिला जनप्रतिनिधिहरुलाई ७ दिवसीय आधारभूत तालिम कार्यक्रम | | ३००००० | १७४ |
| ८ | महिलाहरुको पाठेघर जाँच र मृगौला परीक्षण | ९ | १५०००० | १७४ |
| ९ | औषध दुव्यर्सन,मानसिक स्वास्थ्य र स्वहेरचाह सम्वन्धी अभिमुखीकरण | ८ | २००००० | १७४ |
| १० | तोफु वनाउने तालिम कार्यक्रम – अष्टलक्ष्मी हातेमालो | १० | १५०००० | १७४ |

CamScanner

| सि.नं. | कार्यक्रमको नाम | वडा नं. | विनियोजित रकम | विनियोजित शिर्षक |
|---|---|---|---|---|
| ३० | वौडुगाँउ स्थित कुलाको डिल देखि बदलिखोला सम्मको सडक निर्माण | १ | ८००००० | २४७ |
| ३१ | शान्तिवस्ती पुल हुदै किट कलेज तर्फ विष्णुमति करिडोर रिटेनिङ्ग वाल | ८ | २०००००० | २४९ |
| ३२ | कारल वाटो पानी कारखाना जाने वाटो स्तरोउन्नती, संकटा मन्दिर जाने वाटो स्तरोउन्नती कार्यको लागि थप रकम | २ | ३००००० | २४७ |
| ३३ | चित्रकला प्रदर्शनी कार्यक्रम – सेभ एण्ड सस्टेन | | २००००० | २२८ |
| ३४ | नगरपालिकाको फोटो/ भिडियो निर्माण | | २५०००० | कार्यक्रम खर्च शि. |
| ३५ | देरचामा ढल राख्ने कार्य | २ | १५००००० | २४७ |
| ३६ | सामुदायिक विद्यालयमा WASH तालिम संचालन | | ५००००० | १७४ |
| ३७ | एड्भान्स ट्रेनिङ् अन मेटलवर्कस टेक्नोलोजि फर वेसिक लेवल मेटल वर्कर्स | | ५००००० | १७४ |
| ३८ | मौलिक भाषा कला संस्कृति सम्बर्द्धन संस्कृति तथा वाजा प्रशिक्षण कार्यक्रम | २-३ | ४००००० | २२८ |

२३.यस नगरपालिकाको नगरकार्यपालिका सदस्य श्री शान्ता राईको छोरा वर्ष २२ को श्री सुजल राईको २०७९-११-२६ गते सावरी दुर्घटनामा परी भएको असामयीक निधन प्रति मृत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्ने ।

CamScanner